**UNITED NATIONS**
**OFFICE OF THE HIGH COMMISSIONER**
**FOR HUMAN RIGHTS IN NEPAL**

प्रेस विज्ञप्ति, २०६६ साउन ८ गते

# उच्चायुक्तको कार्यालयको म्याद थप गरिएकोमा उच्चायुक्तद्वारा स्वीकार

काठमाडौं, २०६६ साउन ८ गते।

संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्त नवनिथम पिल्लेले आफ्नो कार्यालय र नेपाल सरकारबीच भएको सम्झौताको म्याद थप गरिएकोमा आफूले त्यसलाई स्वीकार गरेको पुष्टि गर्दै सरकारलाई पत्र लेख्नु भएको छ। नेपाल सरकारले यस कार्यालयको कार्यादेश २०६७ जेठ २६ गतेसम्म थप गर्न सहमत भएको कुरा उल्लेख गरिएको परराष्ट्र मन्त्रालयको आधिकारिक पत्राचार पश्चात् म्याद थपलाई स्वीकार गरिएको हो।

आफ्नो पत्रमा उच्चायुक्तले सङ्क्रमणकालको यस महत्त्वपूर्ण अवधिमा सरकार तथा नेपाली जनतालाई निरन्तर सहयोग उपलब्ध गराउन पाउँदा आफ्नो कार्यालय खुसी भएको कुरा सरकारलाई बताउनुभएको छ। मानवअधिकार उच्चायुक्तको कार्यालय राष्ट्रिय मानवअधिकार संरक्षण प्रणाली ... विशेषतः राष्ट्रिय मानवअधिकार आयोग ... लाई निरन्तरको सहयोग र क्षमता अभिवृद्धिमार्फत् थप सबल बनाउन अत्यन्त प्रतिबद्ध रहेको कुरा उहाँले बताउनु भयो। नेपालमा भएका विकासक्रमहरूलाई ध्यानमा राख्दै आफ्नो कार्यालयको आकार सन् २००८ यता घटाइएको र नयाँ प्राथमिकताअनुसार कर्मचारी संरचना निरन्तर परिवर्तन हुने कुरा पनि उहाँले उल्लेख गर्नुभयो।

For further information contact Chun B. Gurung, Tel: 4280164,
Ext 320; 98510 16937 (mobile), cgurung@ohchr.org
Website: http://nepal.ohchr.org